नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी अस्पताल, महाराजगंज, काठमाण्डौ

## विद्युतिय/सिलवन्दी बोलपत्र आव्हानको सूचना

सूचना नं. ५/०७५/०७६

प्रथम पटक प्रकाशन मिति २०७५ ०६ २३ गते ।

यस अस्पताललाई आ.व.२०७५/०७६ मा आवश्यक पर्ने औषधी तथा औषधिजन्य सामग्री खरिद गर्नु पर्ने भएकोले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही ईजाजत प्राप्त ईच्छुक फर्म, संस्था तथा कम्पनीहरुवाट रितपुर्वक विद्युतिय बोलपत्र आव्हान गरिएको छ ।

बोलपत्र सम्बन्धी विवरण:-

| सि.नं. | सामानको नाम | परिमाण | जमानत रकम रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र मान्य अविध | खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मि… र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | औषधी (बि) | बोलपत्रफारम को आवश्यकता सम्बन्धी विवरण तालिकामा उल्लेख भए अनुसार | २२६४५५।- | रु.३,०००।- | बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिन | २०७५ ०७ २५ गते आइतबार कार्यालय समय भित्र । | २०७५ ०७ २६ गते सोमबार १२:०० बजे भित्र | २०७५ ०७ … गते सोमबा… १४:०० बजे… |
| २ | औषधी(सी)-१ | | २७४०७१।- | रु.३,०००। | | | | |
| ३ | औषधी (सी)-२ | | ३२८७६१।- | रु.३,०००। | | | | |
| ४ | औषधी (सी)-३ | | २७९६११।- | रु.३,०००। | | | | |
| ५ | औषधी (डि) | | २७२०३४।- | रु.५,०००। | | | | |
| ६ | सर्जिकल सामान(ए) | | ३८०६१४।- | रु.३,०००।- | | | | |
| ७ | सर्जिकल सामान(वि) | | ३२५९१६।- | रु.३,०००।- | | | | |
| ८ | प्याथोलोजी सामान | | २६१७८२।- | रु.३,०००। | | | | |

१. बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको EGP System मा राखिएको हुदाँ उक्त पोर्टल (www.bolpatra.gov.np/egp)बाट बोलपत्र कागजात डाउनलोड गर्न सकिनेछ र उक्त ठेक्काहरु E-bidingको माध्यमबाट मात्र बोलपत्र पेश गर्न सकिने छ।

२. मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखानम्बर PAN दर्ताप्रमाणपत्र, फर्म वा कम्पनीदर्ता प्रमाणपत्र र आ.व.२०७४/०७५ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा म्यादथप र आ.व.२०७३/०७४कोकरचुक्ताप्रमाण पत्र पेशगरी बोलपत्रसम्वन्धी कागजात खरिदगर्नसकिनेछ।

3. बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित राजश्य खाता नं. १-१-००१ बाट नेपाल सरकारको राजश्य शिर्षक नं. १४२२९ यस कार्यालयको कोड नं.३१-४०-४३-५०७ मा नगदै जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

४.बोलपत्र सम्वन्धी कागजात खोल्ने दिन सार्वजनिक बिदा परेमा मो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिनेछ ।

५. बोलपत्र फारामसाथ तोकिएको जमानत रकममा नघटाई "क" श्रेणीको ईजाजत प्राप्त वाणिज्य बैङ्कबाट नियमानुसार जारी भएको जमानतपत्र वा कोष तथा लेखा नियन्त्रण कार्यालय, काठमाण्डौको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्क ठमेल स्थित एकल धरौटी खाता नं. ११००२०३ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर पेस गर्नुपर्ने छ ।बैङ्क जमानत बोलपत्र मान्य अवधि भन्दा कम्तीमा ३० दिन वढी (१२० दिन) अर्थात् मति २०७५।११।२७ गतेसम्म मान्य हुनुपर्ने छ|

६. बोलपत्र सम्वन्धी कागजात लगायत अन्य विषयमा छलफल गर्न मिति २०७५।०७।११ गते आईतबार १३:०० बजे यस अस्पतालमा प्रि-बिड मिटिङ्को आयोजना गरिने र उक्त मिटिङमा सामानको गुणस्तर तथा आपूर्तिका सर्तहरु सम्वन्धी विशेष जानकरी गराईने हुँदा उक्त मिति अगावै बोलपत्र फारम डाउलोड गरी मिटिङ्मा सहभागी हुन जानकारी गराईन्छ ।

७. बोलपत्रदाताले सबै समुह, आंशिक वा कुनै एक समुहको लागि मात्र पनि बोलपत्र पेस गर्नसक्ने छन् । तर समुह भित्रको प्रत्येक आईटमहरुको बोलकबोल अंक्क अनिवार्य रुपमा पेस गर्नुपर्ने छ । बोलपत्रहरु प्याकेजमा मूल्याङ्क गरी प्याकेज मै स्वीकृत गरिने छ ।

८.प्रचलित ऐन वमोजिम कालो सूचीमा परेका व्यक्ति, फर्म, संस्था वा कम्पनी संचालकले नयाँ फर्म, संस्था वा कम्पनी खोली कारोवार गरेको भए त्यस्ता फर्म, संस्था वा कम्पनीले बोलपत्र पेश गर्न सक्ने छैनन् ।

९.बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए वमोजिम हुनेछन् ।

१०.सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ (संसोधन सहित) र सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) वमोजिम हुनेछ ।

११.यस अस्पतालको फोन नं. ०१-४४१२५३० मा सम्पर्क गरी वा फार्मेसी/आर्थिक प्रशासन शाखाबाट बोलपत्र सम्वन्धी थप जानकारी लिन सकिने छ ।

१२. यो सूचना नेपाल प्रहरी अस्पतालको Website: www.nph.nepalpolice.gov.np नेपाल प्रहरीको Website: www.nepalpolice.gov.np एवं सार्वजनिक खरिद अनुगमन कार्यालयको Website: www.ppmo.gov.np/egp मा समेत हेर्न सकिने छ ।

१३.बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहनेछ ।

## बोलपत्र सम्बन्धी जानकारी

१. आपुर्ति गर्ने औषधीहरु WHO/GMP/ISO प्रमाणित हुनुपर्ने छ ।

२. बोलपत्र फारममा बोलपत्रदाताले आपुर्ति गर्ने औषधी तथा औषधीजन्य सामानहरुको Brand Name & Manufature Company अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ । प्रत्येक आईटमममा बढीमा ३ वटा उत्पादक कम्पनीको नाम प्रस्ताव गर्न सकिने छ । उत्पादक कम्पनी उल्लेख नभएका बोलपत्रलाई मूल्याकड् प्रक्रियामा समावेश गरिने छैन ।

३. आपुर्ति हुने औषधी तथा औषधीजन्य सामानगरुको उपभोग्य अवधि (Shelf Life) कम्तीमा ७५ प्रतिशत बाँकी रहेको हुनुपर्ने छ । आपुर्ति भएका औषधीहरुको प्रयोग कम भई Date Expire हुनसक्ने भएमा कम्तीमा ३ महिना अगावै यस अस्पतालले जानकारी गराउने छ र यसरी जानकारी प्राप्त भएपछि आपुर्तिकर्ताले उक्त औषधी फिर्ता वा बदली गर्नुपर्ने छ ।

४. सप्लाई गरेको औषधीजन्य सामानहरुको Packing Size, Tablet/ Capsule/ Vial/ Ampoule/ Bottle Manufacture/ Expire Date Batch No. अनिवार्य उल्लेख भएको हुनुपर्ने छ ।

५. आपुर्तिकर्ताले अस्पतालले माग गरेको सामान्यतया ७ (सात) दिन भित्रै आपुर्ति गर्नुपर्नेछ तर आकस्मिक अवस्थामा भने तोकिएको समयमा नै आपुर्ति गर्नु पर्नेछ । अस्पतालले माग गर्दा बोलपत्र उल्लेखित सामानहरु आवश्यकता अनुसार पुरै वा आंशिक, एकै पटक वा पटक पटक गरी माग गर्नसक्ने छ ।

६. अस्पतालले माग गरेका औषधी तथा औषधीजन्य सामानहरु तोकिएको समय भित्र आपुर्ति नगरेमा उक्त सामानहरु आपुर्तिकतालाई पूर्व सूचना बेगर नै बजारबाट सोझै खरिद गरी उक्त रकम बोलपत्र स्वीकृत दरभन्दा बढी भएमा बढी हुनआउने रकम आपुर्तिकर्ताबाट असुलउपर गरिने छ । प्रत्येक पटकमा १ हप्ता भन्दा बढी गरी जम्मा ३ पटक भन्दा बढी आपुर्तिमा ढिलाई गरेमा, तोकिएको उत्पादक कम्पनीको सामान आपुर्ति नभएमा सम्झौता रद्ध गरी नियमानुसार कानुनी कारवाही प्रकृया अघि बढाइने छ ।

७. आपुर्ति भइका सामानहरुको गुणस्तरमा द्धिविधा भएमा स्वदेश तथा विदेश स्थित मान्यता प्राप्त परिक्षण केन्द्रमा नमुना जाँच गर्न गराउन सकिने छ र परीक्षणवापत लाग्ने सम्पुर्ण खर्च सप्लायर्सले व्यहोर्नु पर्नेछ ।

८. बोलपत्र फाराममा उल्लिखित परिमाणमा अस्पतालको आवश्यकता अनुसार परिमाण थपघट हुनसक्ने र आवश्यक नपरेका कुनै सामान खरिद नगर्न पनि सकिने छ । यसो गरिएमा पनि बोलकबोल अङ्कमा नै आपुर्ति गर्नुपर्ने छ ।

९. कुनै औषधी तथा औषधीजन्य सामानहरु स्थानिय बजार मूल्य भन्दा अधिकतम् खुद्रा मूल्यभन्दा बढी भएमा बोलपत्र स्वीकृत भएपनि उक्त सामान खरिद गर्न अस्पताल बाध्य हुने छैन साथै MRP उल्लेख नभएका औषधीजन्य सामानहरुको बोलपत्र पेश गर्दा नमुना समेत अनिर्वायरुपमा पेश गर्नुपर्नेछ ।

१०. बोलपत्र फारामको मूल्य परिमाण सूची( BQO) मा राखिएका शत प्रतिशत आइटमहरुमा नै दर कबोल गर्नुपर्ने छ । कुनै आइटममा दररेट नभरी खाली राखेको पाइएमा उक्त बोलपत्र मूल्याकङ् प्रक्रियामा समाबेश गरिने छैन ।

११. बोलपत्र फाराममा मूल्य कबोल गर्दा अनिर्वाय रुपमा अक्षरमासमेत कबोल गर्नुपर्न छ । साथै, अन्यथा कुल जम्मा रकमसमेत जोडेको हुनुपर्ने छ ।

१२. बोलपत्र फाराममा टिपेक्ट लगाएको, ब्लेड वा धारिलो हतियारले कागज खुर्किएको पाइएमा बोलपत्र फाराम रद्द गर्न सकिने छ ।

१३. बोलपत्र सामान्यतया चालु आ. व.०७५।०७६ को लागि मात्र भएता पनि अर्को खरिद सम्झौता नभएसम्मको लागि आपुर्तिकर्ताले प्रस्ताव गरौको दररेटमा नै उपलब्ध गराउनुपर्ने छ ।

१४. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहने छ । यसबाट बोलपत्रदाता प्रति यस अस्पतालको कुनै दायित्व रहने छैन ।

१५. अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ अनुसार गठित अस्पताल फार्मेसी तथा थेराप्युटिक समिति (Drug & Therapatic committee)ले औषधी तथा औषधीजन्य वस्तुहरु उत्पादन गर्ने कम्पनीको विश्वसयसनियताको आधारमा कुनै खास ब्राण्ड स्वीकृत वा अस्वीकृत गर्न सक्ने छ ।